# राष्ट्रिय गौरवका आयोजनाहरुको

# संक्षिप्त परिचय तथा प्रगति

राष्ट्रिय योजना आयोगको सचिवालय
अनुगमन तथा मूल्यांकन महाशाखा
आश्विन, २०७२

# मन्तव्य

आवधिक विकास योजनाका लक्ष्यहरु हासिल गर्न सघाउ पुऱ्याउने उद्देश्यले नेपाल सरकारले २१ वटा आयोजनाहरुलाई राष्ट्रिय गौरवका आयोजनाका रुपमा वर्गीकरण गरेको छ । राष्ट्रिय गौरवका यी आयोजनाहरुको उद्देश्य, समयावधि, लागत अनुमान, अवस्थिति जस्ता विषयहरुमा जानकारी गराउने उद्देश्यले यी आयोजनाहरुको अद्यावधिक कार्यान्वयन प्रगतिको स्थिति समीक्षा पारदर्शी रुपमा प्रस्तुत गर्न राष्ट्रिय योजना आयोगले यो पुस्तिका प्रकाशन गरेको छ । यस प्रकाशनले राष्ट्रिय गौरवका आयोजनाहरुले कार्यान्वयनमा भोग्नु परिरहेका समस्याहरुका सम्बन्धमा पनि जानकारी प्रस्तुत गरेको छ ।

यो प्रकाशनले यी राष्ट्रिय गौरवका आयोजनाहरुको कार्यान्वयनलाई थप गति प्रदान गर्नुका साथै तिनीहरुलाई पूर्व निर्धारित परिमाण, गुणस्तर, समय र लागत भित्रै सम्पन्न गराउन मद्दत गर्ने अपेक्षा आयोगले राखेको छ । साथै यस पुस्तिकाले आयोजनाहरुको कार्यान्वयनका सन्दर्भमा जानकारी राख्न चाहने वा समग्र बिकासमा चासो राख्ने धेरैको जिज्ञाशा मेटाउन पनि सहयोग पुऱ्याउने आशा मैंले लिएको छु । अन्त्यमा यो पुस्तिका तयार गर्न संलग्न सबैलाई धन्यबाद दिन चाहन्छु ।

आश्विन, २०७२

(सुरेश मान श्रेष्ठ)
सचिव

# विषयसूची


१. पृष्ठभूमि
२. आयोजनाको प्राथमिकीकरण र राष्ट्रिय गौरवका आयोजना
३. राष्ट्रिय गौरवका आयोजनाको समग्र स्थिति
४. राष्ट्रिय गौरवका आयोजनाहरुको परिचय तथा प्रगति स्थिति
४.१. सिक्टा सिंचाइ आयोजना
४.२. बबई सिंचाइ आयोजना
४.३. रानीजमरा कुलरीया सिंचाइ आयोजना
४.४. भेरी बबई डाइभर्सन आयोजना
४.५. माथिल्लो तामाकोशी जलविद्युत आयोजना
४.६. वुढीगण्डकी जलविद्युत आयोजना
४.७. पश्चिम सेती जलविद्युत आयोजना
४.८. भैरहवा क्षेत्रीय/अन्तर्राष्ट्रिय विमानस्थल
४.९. पोखरा क्षेत्रीय/अन्तर्राष्ट्रिय विमानस्थल
४.१०. दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, बारा
४.११. पशुपति क्षेत्र विकास कोष
४.१२. लुम्विनी क्षेत्र विकास कोष
४.१३. मध्य पहाडी (पुष्पलाल) लोकमार्ग
४.१४. पूर्व पश्चिम रेलमार्ग
४.१५. हुलाकी लोकमार्ग
४.१६. उत्तर दक्षिण (कोशी) लोकमार्ग
४.१७. उत्तर दक्षिण (कालीगण्डकी कोरिडोर) लोकमार्ग
४.१८. उत्तर दक्षिण (कर्णाली) लोकमार्ग
४.१९ काठमाण्डौ तराई-मधेस द्रुतमार्ग (Fast Track)
४.२०. मेलम्ची खानेपानी आयोजना
४.२१. राष्ट्रपति चुरे संरक्षण कार्यक्रम
५. निष्कर्ष
६. अनुसूचीः समग्र प्रगति समिक्षा

## १.पृष्ठभूमिः

नेपाल सरकारले आबधिक विकास योजनाका लक्ष्यहरु हासिल गर्ने उद्देश्यले संचालित विकास आयोजना तथा कार्यक्रमहरुको प्राथमिकताक्रम तोक्ने कार्यलाई संस्थागत गरेको छ। नवौं योजनादेखि नै विकास आयोजना तथा कार्यक्रमहरुलाई विशेष प्राथमिकता प्राप्त (Core projects) वा प्राथमिकता प्राप्त (Priority projects) आयोजनाका रुपमा प्राथमिकीकरण गरी साधन विनियोजनलाई प्रभावकारी बनाउने कार्य प्रारम्भ गरिएको थियो। यसलाई त्यसपछिका आवधिक योजनाहरुले पनि कुनै न कुनै रुपमा निरन्तरता दिएका छन्। यसैक्रममा नेपाल सरकारले आ.ब. २०६८/६९ देखि प्रथम प्राथमिकताका १७ वटा र आ.ब. २०७०।७१ को वजेट वक्तव्यमार्फत अन्य ४ समेत थप गरी २१ वटा आयोजनाहरुलाई राष्ट्रिय गौरवका आयोजनाका रुपमा वर्गीकरण गरेको छ।

राष्ट्रिय गौरवका आयोजनाहरुलाई साधन विनियोजनमा प्राथमिकता दिइनुका अतिरिक्त यिनीहरुको अनुगमन तथा समीक्षा समेत सघन रुपमा गर्ने गरिएको छ। राष्ट्रिय गौरवका यी आयोजनाहरुको उद्देश्य, समयाबधि, लागत अनुमान, अबस्थिति जस्ता विषयहरुमा संक्षिप्त परिचय यस पुस्तिकामा समेटिएको छ। साथै तिनीहरुको अद्यावधिक कार्यान्वयन प्रगति स्थितिको समीक्षा र कार्यान्वयन क्रममा देखिएका आयोजनागत समस्याहरुलाई समावेस गरी यो पुस्तिका प्रकाशन गरिएको छ।

## २. आयोजनाको प्राथमिकीकरण र राष्ट्रिय गौरवका आयोजना

नेपालमा आर्थिक साधनको विनियोजन दक्षता (Allocative efficiency) र विशेष महत्वका आयोजनाहरुलाई साधन सुनिश्चितताका लागि आयोजनाको प्राथमिकीकरणलाई आधारका रुपमा लिइएको छ। सीमित स्रोतलाई योजनाको लक्ष्यसँग प्रत्यक्ष आवद्ध गराई विकास व्यवस्थापनलाई नतिजामुखी बनाउन आयोजना प्राथमिकीकरणको महत्व रहन्छ। यही महत्वलाई दृष्टिगत गरी दशौं योजनाको प्रारम्भदेखि लागू गरिएको मध्यावधि खर्च संरचना (Medium Term Expenditure Framework- MTEF) को एक प्रमुख विशेषताका रुपमा आयोजना प्राथमिकीकरण (Project prioritization) लाई थप संस्थागत गर्न थालिएको हो।

यस अनुरुप आबधिक योजनाका उद्देश्य हासिल गर्न पुर्‍याउने योगदानका आधारमा निश्चित आधारहरु प्रयोग गरी कुनै आर्थिक वर्षको वार्षिक विकास कार्यक्रममा प्रवेश पाउने आयोजनाहरुलाई प्रथम प्राथमिकता प्राप्त (पि १), दोस्रो प्राथमिकता प्राप्त (पि २) र तेस्रो प्राथमिकता प्राप्त (पि ३) मा वर्गीकरण गरी साधन विनियोजन गर्ने परिपाटि बसाइएको थियो। यसलाई त्यसपछिका

आवधिक योजनाहरुले पनि निरन्तरता दिए। हाल मध्यावधि खर्च संरचनामा आयोजनाहरुको प्राथमिकीकरण गर्नका लागि यी आधारहरु रहेका छन्। १) गरिवोन्मुख र फराकिलो आर्थिक वृद्धिलाई पुऱ्याउने योगदान २) शान्ति प्रवर्द्धनमा पुऱ्याउने योगदान ३)सहस्राव्दी विकास लक्ष्यमा पुऱ्याउने योगदान ४) समावेशीकरण तथा लैङ्गिकीकरणमा पुऱ्याउने योगदान ५) उत्पादनमूलक रोजगारीमा पुऱ्याउने योगदान ६) सहभागिता ७) भौतिक पूँजी निर्माणमा पुऱ्याउने योगदान ८) वातावरणीय दिगोपनामा पुऱ्याउने योगदान ९) आयोजनाको विगतको उपलब्धी, स्थिति र सम्पन्न हुन बाँकी अवधि।

हाल राष्ट्रिय गौरवका आयोजनाहरु (Projects of national pride) निर्धारण गरी साधन विनियोजनमा प्राथमिकता र सघन अनुगमनको ब्यबस्था मार्फत कार्यान्वयनमा प्रभावकारिता ल्याउन गरिएको प्रयासलाई यसैको निरन्तरताका रुपमा लिन सकिन्छ। मध्याबधि खर्च संरचनामा झै विभिन्न आधारहरु तोकी तदनुरुप ब्यबस्थित रुपमा राष्ट्रिय गौरवका आयोजनाहरु छनौट वा निर्धारण गर्न बाँकी नै रहे पनि लगानी तथा प्रतिफलको स्तर र राष्टिय दृष्टिले निकै महत्वपूर्ण देखिएका आयोजनाहरुलाई राष्ट्रिय गौरवका आयोजनाका रुपमा तोक्ने गरेको छ। चालू तेऱ्हौं योजनामा राष्ट्रिय महत्व र गौरवका आयोजनाहरुको छनौटका आधारहरु तयार गर्ने कार्यनीति लिइए अनुरुप राष्ट्रिय योजना आयोगमा एक उच्चस्तरीय कार्यदलले यस्ता आधारहरु निर्माण गर्ने कार्य प्रारम्भ गरेको छ।

यी आयोजनाहरुको प्रगति र यिनीहरुले झेल्नुपरेका समस्याहरुका सम्बन्धमा राष्टिय विकास समस्या समाधान समिति (National Development Action Committee- NDAC) को बैठकमा विशेष छलफल गर्ने ब्यबस्था गरिएको छ। यी आयोजनाहरुको कार्यान्वयनलाई नतीजामुखी गराउन सम्बन्धित मन्त्रालयले सम्बद्ध आयोजना प्रमुखहरुसँग कार्य सम्पादन करार (Performance contract) गराउने ब्यबस्था भएको छ। यस कार्यको नियमित समन्वय, प्रतिवेदन प्राप्ति तथा समीक्षा र प्रशासनिक सुपरिवेक्षण प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट पनि हुने गरेको छ। यसका अतिरिक्त यी आयोजनाको लागि वार्षिक विकास कार्यक्रममा बहुवर्षीय खरिद योजनाको विस्तृत विवरण सहित राष्ट्रिय योजना आयोगले कार्यक्रम स्वीकृत गर्ने गरेकोले आयोजनाको समग्र व्यवस्थापनमा सहयोग पुग्ने स्थिति रहेको छ।

अतः राष्ट्रको आर्थिक तथा सामाजिक विकासमा महत्वपूर्ण भूमिका खेल्नसक्ने देखिएका आयोजनालाई सरकारले अति उच्च प्राथमिकतामा राखी साधन विनियोजनमा प्राथमिकता, कार्यान्वयनमा आइपरेका वा आउनसक्ने देखिएका समस्याहरु समयमै पहिचान तथा समाधान र आयोजना व्यबस्थापनलाई

नतीजाप्रति जवाफदेही गराउने असल अभ्यास (Best practice) का रुपमा यस प्रक्रियालाई लिइनु उपयुक्त हुने देखिन्छ ।

## ३. राष्ट्रिय गौरवका आयोजनाको समग्र स्थिति

गत आर्थिक बर्ष २०७१।७२ मा कूल ४९१ आयोजनाहरु संचालित थिए। यी आयोजनाहरुमध्ये प्रथम प्राथमिकता प्राप्त (पि १) अन्तर्गत ३३९ (६९.०४ प्रतिशत), दोस्रो प्राथमिकता प्राप्त ( पि २) अन्तर्गत १३० (२६.४७ प्रतिशत) र तेस्रो प्राथमिकता प्राप्त (पि ३) मा २२ आयोजनाहरु (४.४ प्रतिशत) रहेका थिए। प्रथम प्राथमिकता प्राप्त आयोजनाहरु (३३९) मध्ये राष्ट्रिय गौरवका आयोजनाहरु २० वटा (भैरहवा क्षेत्रीय/अन्तर्राष्ट्रिय विमान स्थल वाहेक) अर्थात ५.८ प्रतिशत रहेका छन्। कूल आयोजना संख्या (४९१) मध्धे राष्ट्रिय गौरवका आयोजनाहरु (२१ वटा) को प्रतिशत ४.२७ हुन आउँछ। यसैगरी गत आ.ब.२०७१।७२ मा विनियोजित कूल विकास वजेट रु.२८७.३ अर्व मध्धे करिव रु.२६.८ अर्व अर्थात् ९.३३ प्रतिशत राष्ट्रिय गौरवका आयोजनाहरुमा विनियोजित भएको थियो। यसैगरी चालू आर्थिक बर्ष २०७२।७३ मा कूल ४६८ आयोजनाहरु संचालित छन्। यी आयोजनाहरुमध्ये प्रथम प्राथमिकता प्राप्त (पि १) अन्तर्गत ३२६ (६९.६५ प्रतिशत), दोस्रो प्राथमिकता प्राप्त ( पि २) अन्तर्गत १२० (२५.६४ प्रतिशत) र तेस्रो प्राथमिकता प्राप्त (पि ३) अन्तर्गत २२ आयोजनाहरु (४.७ प्रतिशत) रहेका छन्। प्रथम प्राथमिकता प्राप्त आयोजनाहरु (३२६) मध्ये राष्ट्रिय गौरवका आयोजनाहरु २० वटा (भैरहवा क्षेत्रीय/अन्तर्राष्ट्रिय विमान स्थल वाहेक) अर्थात ६.१ प्रतिशत रहेका छन्। कूल आयोजना संख्या (४६८) मध्ये राष्ट्रिय गौरवका आयोजनाहरु (२१ वटा) ४.४ प्रतिशत हुन आउँछ। यसैगरी चालू आ.ब.२०७२।७३ मा विनियोजित कूल विकास वजेट रु.४४५.८ अर्वको करिव रु.३४.१ अर्व अर्थात् ७.६ प्रतिशत राष्ट्रिय गौरवका आयोजनाहरुमा विनियोजित भएको देखिन्छ। राष्ट्रिय गौरवका आयोजनाको समग्र स्थिति तालिका नं.१ मा प्रस्तुत छ।

तालिका नं-१

(रकम रु करोडमा)

| आ.व. | कूल विकास बजेट रु. | राष्ट्रिय गौरवका आयोजनामा विनियोजित | |
|---|---|---|---|
| | | वजेट रु. | प्रतिशत (%) |
| ०६९/७० | १८३७९ | १२८६ | ६.९९ |
| ०७०/७१ | २४१५८ | १७५१ | ७.२४ |
| ०७१/७२ | २८७२५ | २६८१ | ९.३३ |
| ०७२/७३ | ४४५८२ | ३४०३ | ७.६ |


श्रोतः वार्षिक विकस कार्यक्रम, राष्ट्रिय योजना आयोग ।

# ४. राष्ट्रिय गौरवका आयोजनाहरुको परिचय तथा प्रगति स्थितिः

## ४.१ सिक्टा सिचाइ आयोजना

कृषियोग्य भूमिमा बर्षैभरी सिंचाइ सेवा उपलब्ध गराउने उद्देश्यले संचालित यो आयोजना मध्यपश्चिम बिकास क्षेत्रको बाँके जिल्लामा अवस्थित छ। यस आयोजनाबाट उक्त जिल्लामा ४१ वटा गा.वि.स., नेपालगञ्ज उप-महानगरपालिका र कोहलपुर नगरपालिका समेत गरी ४२,७६६ हेक्टर कृषियोग्य भूमिमा सिंचाइ सुविधा पुग्ने देखिन्छ। यो आयोजना नेपाल सरकारको आफ्नै स्रोतबाट संचालन भैरहेको छ। आयोजनाको शुरु लागत अनुमान रु. १२८० करोड रहेकोमा हाल संशोधित लागत अनुमान रु. २५०२ करोड पुगेको छ। आ.व. २०६१/०६२ मा शुरु भई २०७४/७५ मा सम्पन्न हुने अपेक्षा गरिएकोमा सो अवधि पुनः आ.व. २०७६/७७ सम्म थप भएको छ।

यस आयोजनाको अध्यावधिक मुख्य उपलब्धीहरुमा हेडवर्कसको सिभिल निर्माण सम्पन्न भएको, हेडवर्क्स (हाइड्रोमेकानिकल) निर्माण ८३ प्रतिशत सकिएको र गेट निर्माण भैरहेको छ। यसैगरी शुरुको मूल नहरको संरचना निर्माण सम्पन्न हुनुका साथै नहर निर्माण ७० प्रतिशत सम्पन्न भैसकेको छ। आ.व. २०७१/७२ सम्ममा आयोजनाको भौतिक प्रगति ४१.९१ प्रतिशत रहेको देखिन्छ। आयोजनामा रु.१०६१ करोड अर्थात कूल संशोधित लागत अनुमानको ४२.३६ प्रतिशत खर्च भएको छ। यस आयोजनाका लागि आ.व.२०७१/७२ मा रु.१६० करोड विनियोजन गरिएकोमा आ.व.२०७२/७३ का लागि रु.१६९.९ करोड विनियोजन गरिएको छ। आयोजनाको विस्तृत स्थिति विवरण अनुसूचीमा राखिएको छ।



आयोजनाबाट प्राप्त जानकारी अनुसार नहर रेखाङ्कनमा व्यबधान आउने गरेको, जग्गा अधिग्रहण प्रक्रियामा विवाद आउने गरेको र वन तथा बाँके राष्ट्रिय निकुञ्ज क्षेत्र भित्र नदीजन्य निर्माण सामग्री गिट्टी, ढुङ्गा, वालुवाको आपूर्तिमा कठिनाई हुने गरेको जस्ता समस्या रहेका थिए। यी समस्याहरुको समाधानका निम्ति नहर रेखाङ्कन गर्दा स्थानीय संग समन्वय गर्ने गरिएको, अधिग्रहण गर्ने जग्गाको मुआव्जा दर सम्बन्धमा स्थानीय तहमा सर्वदलीय छलफल गरी निर्धारण गरिएको र वन मन्त्रालयको स्वीकृति लिएर मात्र नहरको रेखाङ्कनमा पर्ने रुखहरुको कटान गर्ने गरिएको जनाइएको छ। यसका अलावा राष्ट्रिय गौरवको यस आयोजनालाई आवश्यक पर्ने नदीजन्य निर्माण सामग्री गिट्टी, ढुङ्गा, वालुवाको सहज आपूर्तिका लागि सम्बन्धित निकायसंग समन्वय गर्ने गरिएको जनाइएको छ।

## ४.२. बबई सिंचाइ आयोजना

मध्यपश्चिमाञ्चल बिकास क्षेत्रको वर्दिया जिल्लामा अवस्थित यस आयोजनाबाट जिल्लाको करिव ३६००० हेक्टर जमिनमा सिंचाइ सुविधा पुऱ्याउने अनुमान गरिएको छ। यो आयोजना नेपाल सरकारको आफ्नै स्रोतबाट संचालन भैरहेको छ। आयोजनाको शुरु कूल लागत रु.२३० करोड रहेकोमा हालको संशोधित लागत रु.७६७ करोड रहने अनुमान छ। आ.व. २०४४/४५ मा शुरु भएको यो सिंचाइ आयोजना आ.व. २०७४/७५ मा सम्पन्न हुने अपेक्षा गरिएको छ।

यस आयोजना अन्तर्गत हेडवर्क्स इनटेक निर्माण सम्पन्न भैसकेको छ र मूल नहरको निर्माण भैरहेको छ। बि.सं. २०७२ को आषाढसम्ममा मूल नहर १०० कि.मी. बनाउने लक्ष्य रहेपनि ४६.३३ कि.मी. मात्र निर्माण हुनसकेको छ। शाखा उपशाखा नहर कूल ११५० कि.मी. निर्माण गर्नुपर्नेमा आ.व. २०७१/७२ सम्ममा १५६ कि.मी. निर्माण भएको छ र सर्भिस सडक निर्माण १८ कि.मी.निर्माण गर्ने लक्ष्य रहेकोमा आ.व. २०७१/७२ सम्ममा १३ कि.मी. सम्पन्न भएको छ। आ.व. २०७१/७२ सम्ममा आयोजनाको भौतिक प्रगति ३९.१८ प्रतिशत छ भने वित्तीय प्रगति ५२ प्रतिशत छ। यस आयोजनाका लागि आ.व.२०७१/७२ मा कुल रु.७६ करोड विनियोजन गरिएको थियो भने आ.व. २०७२/७३ मा कूल रु.७५.५९ करोड विनियोजन गरिएको छ।

आयोजना कार्यान्वयनको सिलसिलामा नहर रेखाङ्कनमा व्यबधान आउने गरेको, जग्गा अधिग्रहण प्रक्रियामा विवाद आउने गरेको र बर्दिया राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ति क्षेत्रमा पर्ने बबई नदीबाट नदीजन्य निर्माण सामग्री गिट्टी, ढुङ्गा, वालुवाको आपूर्तिमा कठिनाई हुने गरेको जस्ता समस्याहरु रहेको जनाइएको

छ। यी समस्याहरुको समाधानका निम्ति नहर रेखाङ्कन गर्दा स्थानीयसंग समन्वय गर्ने गरिएको, आवश्यक पर्ने जग्गाको मुआव्जा दर स्थानीय स्तरमा सर्वदलीय छलफल गरी निर्धारण गरिएको र वन मन्त्रालयको स्वीकृति लिएर मात्र नहरको रेखाङ्कनमा पर्ने रुखहरुको कटान गर्ने गरिएको जनाइएको छ। यसका अलावा राष्ट्रिय गौरवको यस आयोजनालाई आवश्यक पर्ने नदीजन्य निर्माण सामग्री गिट्टी, ढुङ्गा, वालुवाको सहज आपूर्तिका लागि सम्बन्धित निकायसंग समन्वय गर्ने गरिएको भनी आयोजनाबाट जानकारी गराइएको छ।

## ४.३.रानीजमरा कुलरीया सिंचाइ आयोजना

सुदूर पश्चिमाञ्चल बिकास क्षेत्रको कैलाली जिल्ला अन्तर्गत टिकापुरमा अबस्थित यो आयोजनाले परापूर्व कालदेखि संचालित रानी, जमरा र कुलरिया सिंचाइ प्रणालीको पुनर्निर्माणका साथै सिंचित क्षेत्र विस्तार गर्ने उद्देश्य राखेको छ। यस नहरको पानीको श्रोत कर्णाली नदीको पश्चिम भङ्गालो (झरही नाला) रहेको छ। यसले कैलाली जिल्लाको ८ गा.वि.स. र एक नगरपालिकाको करिव ११,३०० हेक्टर जमिनमा सिंचाइ सुबिधा उपलब्ध गराउंदै आएको छ भने यो सहित करिव २०,३०० हेक्टर जमिनमा व्यवस्थित सिंचाइको विस्तार गर्ने लक्ष्य राखिएको छ। आ.व. २०६४/६५ मा शुरु भएको यो आयोजना आ.ब. २०७४/७५ मा सम्पन्न हुने अपेक्षा गरिएको छ। यस आयोजनाको कूल लागत रु.१२६३ करोड रहेको छ।


आ.व.२०७१/७२ सम्ममा आयोजना अन्तर्गतको चिसापानीमा इन्टेक तथा लिंक क्यानल निर्माण सम्पन्न भैसकेको र चिसापानीदेखि बलचौरसम्म मूल नहर तथा सेटलिंग बेसिन निर्माण ५१ प्रतिशत पूरा भएको छ। यसैगरी कटासेदेखि मोहनासम्म फिडर नहर, शाखा पुनः निर्माण तथा ग्राभेल रोड सुदृढीकरण कार्य ६० प्रतिशत सम्पन्न भैसकेको छ। सिंचित क्षेत्र वचाउका लागि कर्णाली, पथरैया र मोहना नदीहरुमा हालसम्म २१ कि.मि. तटबन्ध निर्माण सम्पन्न भएको छ। यसका अतिरिक्त आयोजनाका लागि चारवटा भवनहरु समेत निर्माण भएका छन्। गत आ.व.२०७१/७२ सम्म भौतिक प्रगति २२.८९ प्रतिशत र वित्तीय प्रगति ३८.७३ प्रतिशत भएको देखिन्छ। यस आयोजनाका लागि आ.व.२०७१/७२ मा कूल रु.१४९ करोड विनियोजन गरिएको थियो भने आ.व.२०७२/७३ मा रु.१३१ करोड विनियोजन गरिएको छ। यस आयोजनाको स्थिति विवरण अनुसूचीमा छ।

आयोजना सहज कार्यान्वयनमा नहर क्षेत्रमा पर्ने जग्गा प्राप्त गर्न समस्या परेको, नहर क्षेत्रका अनधिकृत वस्ति हटाउन नसकिएको र नहर तथा तटबन्ध निर्माणका लागि प्रयोग हुने स्थानीय सामग्रीको निकासी कर जि.बि.स. बाट

तोकिएको ठेकेदारबाट माग भई निर्माणमा वाधा पर्न गएको जस्ता समस्याहरु रहेका छन् ।

## ४.४. भेरी बबई डाइभर्सन आयोजना

उर्जा, सिंचाइ, सहरी विकास र जलाधार संरक्षणलाई एकसाथ योगदान दिने उद्देश्यले कार्यान्वयन भइरहेको यस भेरी बबई डाइभर्सन वहुउद्देश्यीय आयोजनाको कार्यान्वयन स्थल मध्यपश्चिम बिकास क्षेत्रको सुर्खेत, वर्दिया र बाँके जिल्ला रहेका छन् । सुर्खेत जिल्लाको छिन्चु जाजरकोट सडक खण्डको चिप्ले भन्ने ठाउँमा करीव १५ मीटर अग्लो बाँध बाधी भेरी नदीको ४० घन मीटर प्रतिसेकेन्ड पानीलाई चुरिया क्षेत्रमा पर्ने १२ कि.मी. लामो सुरुङ्ग, नेपालमै पहिलो पटक टनेल बोरिङ्ग मेसिन मार्फत निर्माण गरी बबई नदीमा पानीको प्रवाह बढाउने कार्यक्रम रहेको छ। यसले पूर्व पश्चिम राजमार्गको बबई नदीमा अवस्थित बाँधको उपयोग गर्दै बाँके र बर्दिया जिल्लाको करीव ५१ हजार हेक्टर भूमिमा बाह्रै महिना सिंचाई सुविधा उपलब्ध गराउने उद्देश्य राखेको छ। यस क्रममा उपलब्ध हुने करीव १५० मीटर हेडको सदुपयोग गर्दै नियमित रुपमा ४८ मे.वा. जलबिद्युत उत्पादन गरी देशको उर्जा संकट कम गर्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा समेत गरिएको छ। यसैगरी कृषकको आयमा वृद्धि तथा सिंचित क्षेत्रबाट प्रति हेक्टर प्रति वर्ष ७२ श्रम दिन बराबर रोजगारी सिर्जना भई गरिवी निवारणमा समेत टेवा पुर्‍याउने अनुमान छ। यसका अतिरिक्त मध्य पश्चिमाञ्चल विकास क्षेत्रमा खाद्यान्न संकटको समाधानमा मद्दत पुर्‍याउने र उत्पादित उर्जाको खपत गरी आर्थिक विकासमा सहयोग पुर्‍याउने लक्ष्य समेत यसमा राखिएको देखिन्छ ।



यस आयोजना आ.व. २०६८/६९ मा सुरु भएको र आ.व. २०७७/७८ मा सकिने अनुमान छ। आयोजनाको कूल लागत रु.१६४३ करोड अनुमान गरिएको छ। आयोजनाको आ.व. २०७१/७२ को आषाढ मसान्तसम्मको भौतिक प्रगति ७ प्रतिशत र वित्तीय प्रगति ६.३ प्रतिशत रहेको देखिन्छ। यस आयोजनाका लागि आ.व.२०७१/७२ मा कूल रु.१०३ करोड विनियोजन गरिएको र चालु आ.व.२०७२/७३ मा कूल रु.१२० करोड विनियोजन गरिएको छ। निराशाजनक भौतिक तथा वित्तीय प्रगति भए पनि यस आयोजनाले के कस्ता समस्याहरु भोल्नु परिरहेको छ भन्ने जानकारी उपलब्ध गराइएको छैन।

## ४.५. माथिल्लो तामाकोशी जलविद्युत आयोजना

आ.व. २०७२/७३ भित्र ४५६ मेगावाट क्षमताको जलविद्युत उत्पादन गर्ने लक्ष्य राखेको यो आयोजना दोलखा जिल्लामा अवस्थित छ। यस आयोजनाको कूल लागत रु.३५२९ करोड मध्ये नेपाल सरकारको स्रोत तर्फबाट रु.४७० करोड, आन्तरिक ऋणतर्फ रु.२० अर्व र शेयर लगानीमा रु.१०५९ करोड रहने अपेक्षा गरिएको छ। २०६७ श्रावणमा शुरु भई आ.व. २०७२/७३ मा सम्पन्न हुने अनुमान रहेको भएता पनि भूकम्प लगायतको कारणबाट आ.व.०७३/७४ मा सम्पन्न हुने अनुमान छ। ४५६ मे.वा. बिद्युत उत्पादन गरी राष्ट्रिय ग्रिड मार्फत देशमा बिद्यमान Load Shedding न्यूनीकरण गर्ने यस आयोजनाको उद्देश्य रहेको छ।

आ.व.२०७१/७२ को अन्त्यसम्म यस आयोजनाको हेडवर्क्स कंक्रिट ७१.२ प्रतिशत, मुख्य सुरुङ्ग कार्य ६०.८ प्रतिशत, बिद्युतगृह र ट्रान्स्फर्मर क्याभर्न कंक्रिट ८१.८ प्रतिशत र टेलरेस सुरुङ्ग १०० प्रतिशत सम्पन्न भएको छ। आयोजनाको आ.व. २०७१/७२ को आषाढ मसान्तसम्म भौतिक प्रगति ७६ प्रतिशत र वित्तीय प्रगति ७३ प्रतिशत रहेको देखिन्छ। यस आयोजनाका लागि आ.व.२०७१/७२ मा रु.७९०.६ करोड विनियोजन गरिएको थियो भने आ.व.२०७२/७३ मा रु.२०० करोड विनियोजन गरिएको छ।

बि.स.२०७२ बैशाख १२ को बिनाशकारी भूकम्प तथा लगातारको पराकम्पनले आयोजना नराम्रोसंग प्रभावित भएको छ। बिशेषतः आयोजनाको विभिन्न भौतिक संरचना क्षति भएको र आयोजनास्थल वरपर तथा प्रबेशमार्गमा पहिरोका कारण आयोजनाको नियमित निर्माण कार्य अवरुद्ध भएको थियो। भूकम्पका कारण Intake Block मा Vertical Settlement देखिएको, ठेकेदारका आवासगृहहरु क्षति भएको, बिद्युत गृह भएर बग्ने गोगंर खोलाले अस्थायी बेलि ब्रिज बगाएको र बिस्फोटक पदार्थ भण्डारण गरिएको भण्डारगृहमा पहिरो आई उक्त गृह पूर्ण रुपमा क्षति भएको जस्ता समस्याहरु भूकम्पले निम्त्याएको छ।

भूकम्पको असरका अलावा आयोजनामा कार्यरत मजदुरहरुले निश्चित कित्ता शेयर माग गरी हडतालमा उत्रिएका र २२०/१३२ के.भीं सवस्टेसन निर्माणका लागि आवश्यक जग्गा अधिग्रहण पश्चात् पनि स्थानीयहरुले रकम नबुझेको जस्ता कारणबाट आयोजना सम्पन्न हुने मिति पछि सरिरहेको अवस्था छ।

## ४.६. बुढीगण्डकी जलविद्युत आयोजना


आगामी ८ वर्षमा १२०० मेगावाट जडित क्षमताबाट ३४०० गिगावाट आवर बिद्युतीय शक्ति बार्षिक उत्पादन गरी मुलुकको आर्थिक सामाजिक रुपान्तरणका लागि आवश्यक बिद्युतीय उर्जा उत्पादन गर्ने उद्देश्य सहित यो जलबिद्युत आयोजनाको स्थापना भएको छ। यो आयोजनाको बाँधस्थल गोरखा जिल्ला घ्याल्चोक गा.वि.स. सिउरेनिटार र धादिङ जिल्लाको सीमानामा बुढीगण्डकी र त्रिशुली नदीको बायाँ किनार कल्लेरिमा प्रस्ताव भएको अवस्था छ। जलाशयले गोरखा र धादिङ जिल्लाका जम्मा २७ गा.बि.स. डुबानमा पर्ने गरी ६६३९ हेक्टर जमिन ढाक्न सक्ने देखिन्छ। यो आयोजना आ.व. २०६९/७० मा सुरु भई आ.व. २०७७/७८ मा सम्पन्न हुने लक्ष्य रहेको छ। बिज्ञान प्रविधि तथा वातावरण मन्त्रालयबाट २०७१ चैत्रमा बुढीगण्डकी जलबिद्युत आयोजना विकास समितिको कार्यसूची तथा क्षेत्र निर्धारण प्रतिबेदन स्वीकृत भएको छ।

आ.व.२०७१/७२ को आषाढ मसान्तसम्म यस आयोजना अन्तर्गत Core Drilling (१८३६.७५मी.) हुनुका साथै Plating Jacking Test र Test Galleries ( ८९६ मी.) सम्पन्न भैसकेको छ। परमर्शदातृ संस्थाबाट Final Feasibility Study Report प्राप्त भैसकेको छ भने Physical Model कार्यको परीक्षण, Transmission Line सम्बन्धी अध्ययन, Grid Impact and Power evacuation सम्बन्धी अध्ययन र Detail Engineering Design समेतका कार्यहरु पनि परामर्शदाताबाट संचालन भइरहेका छन्। आयोजनाको कूल लागत रु.२५० अर्व अनुमान गरिएको छ। आयोजनाको आ.व. २०७१/७२ सम्मको भौतिक प्रगति करिव ०.५ प्रतिशत र वित्तीय प्रगति ०.३४ प्रतिशत रहेको देखिन्छ। यस आयोजनाका लागि आ.व.२०७१/७२ मा कुल रु.५७ करोड विनियोजन गरिएको थियो भने आ.व.२०७२/७३ मा कूल रु.३३७ करोड विनियोजन गरिएको छ।

आयोजनाबाट प्राप्त विवरण अनुसार बिशेषज्ञ तथा पूर्णकालिन कर्मचारीको अभाव रहेको, आयोजनाको Funding Mechanism/Modality अझै तय गर्न नसकिएको, प्रभावित क्षेत्रका जनताका गुनासाहरु व्यबस्थापन गर्न नसकिएको र डुवान क्षेत्रका जनताको लागि राहत कोषको स्थापना गर्न नसकिएको जस्ता समस्याहरु रहेको जनाइएको छ।

## ४.७. पश्चिम सेती जलविद्युत आयोजना

आयोजनाको कार्यान्वयन क्षेत्र डोटी, डडेलधुरा, बैतडी र बझाङमा रहेको यस आयोजनाबाट ७५० मेगावाट विद्युत उत्पादन गर्ने अनुमान गरिएको छ। चिनिया कम्पनि थ्रि गर्जेजले सन् २०१३ जुलाईसम्ममा सम्भाव्यता अध्ययन प्रतिवेदन बुझाउने सम्झौता भएकोमा हालसम्म नबुझाएको जानकारी प्राप्त भएको छ। आयोजनाको सम्भाव्यता अध्ययन नै भइनसकेकाले यसको भौतिक तथा वित्तीय प्रगति प्राप्त हुन सकेको छैन। यस आयोजना प्राविधिक तथा आर्थिक रुपमा सम्भाव्य देखिएको भए पनि लगानीकर्ताले जग्गा प्राप्ति, प्रशारण लाइन र पुनर्वाससम्बन्धी समस्या औंल्याएका छन्। यी समस्या समाधानका लागि यस आयोजनामा थ्रि गर्जेज कम्पनीले लगानी गर्नेगरी लगानी बोर्डमा काम भैरहेको बुझिएको छ।




## ४.८. भैरहवा क्षेत्रीय/अन्तर्राष्ट्रिय विमानस्थल

रुपन्देही जिल्लामा अवस्थित गौतमबुद्ध विमानस्थललाई क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा स्तरोन्नती गर्ने र मुलुकमा अर्को बैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थल विकास गरी दिगो पर्यटन विकास गर्ने लक्ष्य राखिएको छ। मौजुदा गौतम बुद्ध विमानस्थलको धावनमार्ग (१५०० मी.x३० मी.) लाई स्तरोन्नती गरी (३००० मी. x४५ मी.) को नयाँ धावनमार्ग, अन्तर्राष्ट्रिय भवन, एयरपोर्ट अपरेशन, प्रशासनिक भवन, कन्ट्रोल टावर, अग्नि नियन्त्रण तथा जिवनोद्वार भवन लगायत सञ्चार तथा पथप्रदर्शक सामग्रीहरु जडान गरिने कार्यक्रम छ।

साथै अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा सञ्चालनमा ल्याई भगवान गौतम बुद्धको जन्मभूमि लुम्बिनीमा अन्तर्राष्ट्रिय जगतबाट सोझै पहूँच पुऱ्याउने उद्देश्य यसमा रहेको छ। यस विमानस्थल निर्माणका लागि एशियाली बिकास बैंकको ऋण तथा अनुदान, DFID को ऋण र नेपाल नागरिक उड्डयन प्राधिकरणको आर्थिक श्रोत परिचालन गरी उक्त बिमानस्थल स्तरोन्नति गर्ने कार्य भैरहेको छ। यस आयोजना सन् २०१५ मा शुरु भएको र सन् २०१७ को डिसेम्वरमा सम्पन्न हुने अपेक्षा गरिएको छ। यसको कूल लागत रु.८५६ करोड रहेको छ।

यस आयोजनाको आ.व. २०७१/७२ सम्मको भौतिक तथा वित्तीय प्रगति प्रतिशत प्राप्त भएको छैन। यसका लागि आ.व.२०७१/७२ मा रु.१९७ करोड विनियोजन गरिएको थियो भने आ.व.२०७२/७३ मा कूल रु.४५३ करोड विनियोजन गरिएको छ। आयोजना निर्माणका लागि २०७१ कार्तिक २७ गते चीनको निर्माण कम्पनि North West Civil Aviation Airport Construction Group संग सम्झौता भएको छ। यसका अलावा घाघरा खोला डाइभर्सन कार्य अन्तिम चरणमा पुगेको र कूल ८८९ कित्ता जग्गा मध्ये ८४४ कित्ताको मुआब्जा वितरण भैसकेको छ।



श्रोत : WWW.google.com

आयोजना सहज कार्यान्वयनका लागि आवश्यक पर्ने स्थानीय निर्माण सामग्री गिट्टी, ढुङ्गा, वालुवाको निरन्तर आपूर्ति नहुनु तथा नेपाल बिद्युत प्राधिकरणबाट Dedicated Feeder को ब्यबस्था नहुनु जस्ता समस्याहरु रहेका छन्।

## ४.९. पोखरा क्षेत्रीय/अन्तर्राष्ट्रिय विमानस्थल

नेपालको पर्यटन क्षेत्रको विकास तथा विस्तारमा टेवा पुऱ्याउने उद्देश्य अनुरुप लिई पर्यटकीय नगरी पोखरामा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गरी मुलुकको पर्यटन क्षेत्रमा दिगो विकास हासिल गर्ने लक्ष्य यस आयोजनाबाट गरिएको छ। आयोजना निर्माणका लागि बि.सं.२०३२ देखिनै करिब ३१०६ रोपनी जग्गा अधिग्रहण गरी तारवार गर्ने कार्य सुरु गरिएको भएता पनि आधिकारिक रुपमा सन् २०११ मा आयोजना सुरु भई नेपाल सरकार र चीन सरकार बीच ऋण सम्झौता भएको ४ वर्षभित्र सम्पन्न हुने अनुमान गरिएको छ। यस आयोजनाको मुख्य उद्देश्यको रुपमा बिगत ४० बर्षदेखि अधिग्रहण गरिएको जग्गामा ICAO Category 4D स्तरको क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका माध्यमबाट सन्तुलित क्षेत्रीय बिकास, पर्यटन उद्योगको प्रबर्द्धन गरी आर्थिक र सामाजिक बिकास गर्ने रहेको छ।

यस आयोजनाका लागि चिनिँया सरकारसँग सहुलियतपूर्ण ऋण प्राप्त गर्न र ठेकेदार छनौटको प्रक्रिया अघि बढाउन नेपाल सरकार (म.प.) को मिति २०६९/११/४ मा भएको निर्णय अनुरुप नेपाल नागरिक उड्डयन प्राधिकरणबाट कार्यान्वयन भैरहेको छ। थप ६२९ रोपनी जग्गा अधिग्रहणको कार्य समेत भैरहेको छ। यस आयोजनाको कूल लागत रु.२१६० करोड रहेको छ। नेपाल नागरिक उड्डयन प्राधिकरणले तयार गरेको लागत अनुमान र प्रारम्भिक अनुमानबीच अन्तर देखिएको छ। आयोजनाको आ.व. २०७१/७२ सम्मको भौतिक प्रगति तथा वित्तीय प्रगति प्रतिशत प्राप्त भएको छैन। यस आयोजनाका लागि आ.व.२०७१/७२ मा रु.१५० करोड र आ.व.२०७२/७३ मा रु.१ अर्व विनियोजन गरिएको छ। बिमानस्थलका लागि करिव ४१५ रोपनी जग्गा अधिग्रहण गर्न सूचना प्रकाशित भएको छ। हालसम्म १४५ जग्गाधनीले मुआब्जा रकम वापत रु.६२ करोड बुझिसकेको अवस्था छ।



आयोजनाबाट प्राप्त जानकारी अनुसार जग्गा अधिग्रहण गर्ने प्रकृयामा मुआब्जा रकम न्यून रहेको भनी स्थानीयवासीहरुबाट बिरोधका कार्यक्रम भैरहने हुँदा आयोजनाको सहज कार्यान्वयनमा समस्या देखिएको छ। राजनैतिक दल तथा स्थानीय प्रशासनको सहयोगमा समाधानको प्रयास भैरहेको छ।

## ४.१०. दोस्रो अन्तरर्राष्ट्रिय विमानस्थल, बारा

मुलुकमा बैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थल निर्माण तथा संचालन मार्फत दिगो पर्यटन विकास गर्ने लक्ष्य राखी तर्जुमा गरिएको यस आयोजना बारा जिल्लामा अवस्थित छ। नेपालको एकमात्र अन्तर्राष्ट्रिय बिमानस्थल ज्यादै ब्यस्त हुनुका साथै ठूला विमान अवतरणमा समेत कठिनाई भैरहेको अवस्थामा सबै किसिमका विमान उडान र अवतरण हुनसक्ने अत्याधुनिक विमानस्थलको रुपमा प्रस्ताव गरिएको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, बाराले मुलुकको पर्यटकीय गतिविधि अभिबृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

यस आयोजनाका लागि आ.व.२०७१/७२ देखि मात्र बजेट बिनियोजन हुन थालेको र निर्माण सम्झौता हुननै वाँकी रहेको छ। यस आयोजनाको कूल लागत एकीन भैनसकेको अवस्था छ। यस आयोजनाका लागि आ.व.२०७१/७२ मा रु. ५० करोड विनियोजन गरिएको थियो भने आ.व.२०७२/७३ मा रु.५० करोड विनियोजन गरिएको छ।




श्रोत : WWW.google.com

आ.व.२०७१/७२ सम्म आयोजनाको कार्यालय बारामा स्थापना भई आयोजना क्षेत्रको चार किल्ला तोक्ने कार्य सम्पन्न भएको छ। साथै नेपाल नागरिक

उड्डयन प्राधिकरणलाई शेयर लगानी शिर्षकमा बजेट रकमान्तर गरिएको छ । ठेक्का तथा निर्माण कार्यका अन्य प्रक्रियाहरुका सम्बन्धमा ठोस निर्णय गर्न नसकिएको र बजेट तथा कार्यक्रम व्बस्थापनमा निकै समय लागेकोले आयोजना निर्माणले अपेक्षित गति लिन नसकेको अवस्था छ ।

## ४.११. पशुपति क्षेत्र विकास कोष

पशुपतिनाथ क्षेत्रको समग्र विकासका लागि पशुपति क्षेत्र विकास कोष ऐन २०४४ ले दिएको अधिकार प्रयोग गरी बनाइएको गुरुयोजनाको कार्यान्वयनका माध्यमद्वारा यस क्षेत्रलाई धार्मिक, सांस्कृतिक एवम् पर्या-पर्यटनको नमूना क्षेत्रको रुपमा विकास गर्ने लक्ष्य रहेको छ। पशुपति क्षेत्रको योजनाबद्ध विकासका लागि पशुपति क्षेत्र विकास कोषको गठन भई गुरुयोजना अनुसार योजनाबद्ध विकासका कार्यक्रमहरु संगसंगै पशुपतिनाथ मन्दिरको पूजा-आजा स्याहार, संभार र संरक्षण तथा स्थानीय जात्रा पर्वहरुको संरक्षण गर्ने कार्य हुँदै आएको छ। पशुपति क्षेत्रको स्याहार सम्भार, योजनाबद्ध बिकास, धार्मिक पर्यटन अभिबृद्धि, मूर्त अमूर्त सम्पदाहरुको संरक्षण, पशुपति गुठी तथा पर्ति जग्गा संरक्षण आदि कार्यहरु यस कोषको उद्देश्य भित्र पर्दछन् । यस गुरुयोजना आ.व.२०५७/५८ मा प्रारम्भ भएको हो। राजपत्रमा प्रकाशित भए अनुसार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्ग भन्दा पश्चिम, धोविखोला भन्दा पूर्व, रातो पुलबाट चक्रपथ पिङ्गलास्थान हुदै सञ्चारग्राम बागमति पारी आँखा अस्पताल सञ्चारग्राम भएको क्षेत्र, उत्तरतर्फ मित्रपार्कबाट गुहेश्वरीसम्मको क्षेत्र यस आयोजनाको कार्यक्षेत्रको रुपमा रहिआएको छ ।

आ.व.२०७१/७२ मा यस कोषले तीलगंगा-ताम्रगंगा सडकमा रिटेनिङ वाल एवं पैदलमार्गमा प्रस्तरफलक छाप्ने कार्यको नक्शा र लगत इस्टिमेट तयार भई वोलपत्र आह्वान गर्ने कार्य हुनुका साथै चार शिवालयदेखि वागमतिसम्म ढल निर्माण तथा वातावरण संरक्षण गर्ने कार्य भैरहेको छ। यस आयोजनाको कूल लागत आ.व.२०५२/५३ को मूल्यमा रु.२०३ करोड रहेको छ। आयोजनाको आ.व. २०७१/७२ सम्मको भौतिक प्रगति तथा वित्तीय प्रगति प्राप्त भएको छैन। यस आयोजनाका लागि आ.व.२०७१/७२ मा कूल रु.१९ करोड विनियोजन गरिएको थियो भने आ.व.२०७२/७३ मा रु.३५ करोड विनियोजन गरिएको छ ।



श्रोत : WWW.google.com

कोषबाट प्राप्त जानकारी अनुसार गुरुयोजना कार्यान्वयनमा दक्ष प्राविधिक जनशक्तिको अभाव, समय समयमा निर्माण सामग्रीको अभाव र ठेक्का कार्यमा वाधा अड्चन आइपर्ने जस्ता समस्याहरु रहेका छन् । जसमध्ये जनशक्ति आवश्यकता पूर्ति गर्न सम्बन्धित निकायबाट O&M को कार्य भैरहेको छ ।

## ४.१२. लुम्विनी क्षेत्र विकास कोष

यस आयोजनाको नाम लुम्बिनी गुरुयोजना लगायत बृहत्तर लुम्बिनी क्षेत्र रहेको छ । भगवान गौतम बुद्धको पवित्र जन्मस्थललाई बौद्धमार्गी एवम् शान्तिप्रेमी जनसमुदायको अन्तर्राष्ट्रिय केन्द्र निर्माण गर्ने लक्ष्य आयोजनाले राखेको छ । ऐतिहासिक सांस्कृतिक, पुरातात्विक एवम् धार्मिक दृष्टिले अत्यन्त सम्मानित विश्व सम्पदा सूचिमा सूचिकृत पवित्र स्थलको रुपमा लुम्बिनी रहेको छ । भगवान गौतम बुद्धको जन्मस्थल लुम्विनी तथा वहाँको जीवनसंग प्रत्यक्ष वा परोक्ष रुपमा सम्बन्ध रहन गएका तिलौराकोट (प्राचिन कपिलवस्तु), गोटिहवा, निग्लीहवा, सग्रहवा, सिसनिया, अरौराकोट, कुदान (कपिलवस्तु), देवदह ( रुपन्देही), रामग्राम (नवलपरासी) समेतका क्षेत्रहरु र नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका अन्य क्षेत्रहरु लुम्विनी विकासका क्षेत्रभित्र पर्दछन् र यी क्षेत्रहरुको संरक्षण, सम्बर्द्दन तथा विकास गर्ने दायित्व लुम्बिनी विकास कोषको रहेको छ । बि.सं.२०४२ देखिनै यस गुरुयोजनाको काम सुरु भएको हो ।

यस आयोजनाको कूल लागत ७ अर्व मध्ये नेपाल सरकारको श्रोतबाट रु.३ अर्व र बैदेशिक अनुदान ४ अर्व रहने अनुमान गरिएको छ । यस गुरुयोजना

अन्तर्गत प्रशासनिक भवन निर्माणका कार्य चालू रहेको छ। सुरक्षा संरचनातर्फ गार्ड पोष्ट वाकथ्रु निर्माण कार्य सम्पन्न भएको छ र यसका अलावा गुरुयोजना अनुसारका बिभिन्न निर्माणका कार्यहरु संचालन भैरहेका छन्। साथै जग्गा अधिग्रहण, गुरुयोजना निर्माण, गुरुयोजनाको फ्रेम निर्माण, अन्तर्राष्ट्रिय विहार क्षेत्रको निर्माण, पवित्र उद्यानको अधिकांश निर्माण र अन्तर्राष्ट्रिय विहार क्षेत्रको केन्द्रीय नहर लगायतका निर्माण कार्यहरु यस अघिनै सम्पन्न भइसकेका छन्। आयोजनाको आ.व. २०७१/७२ सम्मको भौतिक प्रगति तथा वित्तीय प्रगति प्राप्त भएको छैन। यस आयोजनाका लागि आ.व.२०७१/७२ मा रु.३३ करोड विनियोजन गरिएको थियो भने आ.व.२०७२/७३ मा रु.५५ करोड विनियोजन गरिएको छ।



श्रोत : WWW.google.com


यस आयोजनाको निरन्तरताका लागि आर्थिक अभाव रहेको र यसका लागि नेपाल सरकार र सम्बन्धित निकायहरुसंग ताकेता गरिएको छ। गुरुयोजनाको क्षेत्रभित्र पर्ने अन्य पुरातात्विक स्थलहरुको जग्गा अतिक्रमण भइरहेको र ती स्थानका गुरुयोजना निर्माण तथा जग्गा प्राप्त गर्न समेत समस्या परिरहेको जनाइएको छ।

## ४.१३. पुष्पलाल (मध्य पहाडी) लोकमार्ग

नेपालको मध्यपहाडी भू-भागका जिल्लाहरुलाई यातायात संजालमा जोड्ने उद्देश्यले पूर्वमा पाँचथरको चियो भन्ज्यांगदेखि पश्चिममा बैतडीको झुलाघाटसम्म पुग्ने यस लोकमार्ग आ.व.२०६४/६५ देखि सुरु भएको हो। यस आयोजनाले मध्यपहाड अन्तर्गतका जिल्लाहरु भई पूर्व पश्चिम यातायात संचालन गर्दै पर्यटन, जलविद्युत, कृषि तथा अन्य क्षेत्रको विकासमा टेवा

पुऱ्याउने लक्ष्य लिएको छ। यस राजमार्गबाट पहाडी क्षेत्रका जिल्लाहरुलाई यातायात संजालमा जोडी उक्त क्षेत्रको आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय र शैक्षिक क्षेत्रको सन्तुलित विकास हुने अपेक्षा गरिएको छ। आ.व. २०७४/७५ मा सम्पन्न हुने अनुमान रहेको यस आयोजना अन्तर्गत बन्ने लोकमार्गको कूल लम्बाई १७७६ कि.मी. रहेको छ र यसले २४ जिल्लाका २१५ गा.वि.सहरुलाई जोड्दछ। यस लोकमार्गमा ६८१ कि.मि. सडक निर्माण गर्ने अनुमान गरिएको छ भने यही लोकमार्गले छुनेगरी १० आधुनिक शहरहरुको निर्माण गरिने योजना छ।

यस आयोजनाको कुल लागत रु.३३३७ करोड (पूर्वी खण्डको रु.१८९८ करोड र पश्चिम खण्डको रु.१४३९ करोड) रहने अनुमान छ। आ.व. २०७१/७२ मा यस लोकमार्गको ६० कि.मी. कालोपत्रे (खुर्कोट-घुर्मी खण्ड, गोठलापानी-झुलाघाट खण्ड र बाग्लुङ्ग खण्ड समेत), ३२ कि.मी.ग्राभेल कार्य (जोरसाल-म्याङ्गलुङ खण्ड) र १३ वटा पूलहरुको निर्माण कार्य सम्पन्न भएको छ। यस आयोजनाको आ.व.२०७१/७२ सम्मको भौतिक तथा वित्तीय प्रगति प्राप्त भएका छैन। आ.व. २०७०/७१ सम्मको पूर्वी खण्डको भौतिक प्रगति २७ प्रतिशत र वित्तीय प्रगति २३.२४ प्रतिशत तथा पश्चिम खण्डको भौतिक प्रगति २४.४ प्रतिशत र वित्तीय प्रगति २२.१४ प्रतिशत उल्लेख गरिएको छ। समग्रमा यस आयोजनाको आ.व.२०७१ आषाढसम्मको भौतिक प्रगति २६.८४ प्रतिशत रहेको छ भने सो अवधिसम्मको कूल खर्च रु.१०६४ करोड रहेको छ। यस आयोजनाका लागि आ.व.२०७१/७२ मा रु.३३७ करोड विनियोजन गरिएको थियो भने आ.व.२०७२/७३ मा रु.१९५ करोड विनियोजन गरिएको छ।



वन क्षेत्रमा कार्य गर्न बाधा परिरहेको, स्थानीय सरोकारवालाहरुबाट रेखांकनमा विवाद भैरहेको, अत्यन्त न्यूनतम बोलकबोल रकम र भौगोलिक बिकटता नै यस आयोजनाका प्रमुख समस्याहरु रहेका छन् ।

## ४.१४.पूर्व पश्चिम रेलमार्ग

रेल्वे तथा मेट्रो विकास आयोजनाले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म कूल ९४६ कि.मी. लामो रेल सञ्जाल निर्माण एवम् संचालनको लक्ष्य लिएको छ । यस आयोजनाले कृषि, उद्योग, औषधिजन्य लगायतका उत्पादन एवम् सुबिधामूलक सेवा प्रदान गर्ने क्षेत्रहरुको पहुँचमा सर्व-सुलभता गराई देशको सामाजिक, आर्थिक पूर्वाधारको विकासमा सहयोग पुऱ्याउने उद्देश्य राखेको छ । नेपाल Trans-Asian Railway को सदस्य राष्ट्र भएकोले रेल सेवाको बिकास अपरिहार्य भैसकेको छ । यही तथ्यलाई मनन गर्दै रेल सेवा विकास तथा विस्तारको लागि २०६८/३/१ मा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत रहने गरी रेल बिभागको गठन भएको छ । सस्तो, भरपर्दो, सक्षम रेल सेवाको माध्यमबाट मानिसहरुको यात्रा एवम् मालसामानको ढुवानी गरी मानिसहरुको दैनिक जीवनस्तरमा सुधार गर्नमा यस आयोजनाले उल्लेखनीय भूमिका खेल्ने अपेक्षा गर्न सकिन्छ । यस आयोजनाको कूल लागत रु.६९५२ करोड रहेको छ जुन सम्पूर्ण रुपमा नेपाल सरकारबाट ब्यहोरिने छ ।

आ.व. २०७१/७२ सम्ममा यस आयोजना अन्तर्गत कटहरी बिराटनगर रेलमार्गको निर्माण कार्य जारी रहेको, जयनगर जनकपुर बर्दिबास खण्डमा अधिग्रहण कार्यलाई निरन्तरता दिइएको, फुलझोर खोला पूर्वदेखि बर्दिबाससम्मको रेलमार्गको स्ट्रक्चरल निर्माणका लागि Mix design लगायतका कार्यहरु भइरहेको र भारतीय पक्षबाट निर्माण कार्यको लागि निर्माण व्यबसायी नियुक्त गरी कार्य अघि बढाइएको छ । यसैगरी सिमरा बर्दिबास खण्डमा निर्माणाधीन रेलमार्गको मुआब्जा पुनरावलोकन भई निर्माण कार्य अघि बढेको, रातु खोला नियन्त्रण कार्यको लागि तटबन्ध निर्माण भैरहेको र निजगढ हेटौडा भरतपुर रेलमार्गको सम्भाव्यता अध्ययनका लागि परामर्शदाता छनौट भई नेगोसियसन भैरहेको छ । आयोजनाको आ.व. २०७१/७२ सम्मको भौतिक र वित्तीय प्रगति प्राप्त भएको छैन भने आ.व. २०७०/७१ सम्मको वित्तीय प्रगति ५.४८ प्रतिशत रहेको देखिन्छ । यस आयोजनाका लागि आ.व.२०७१/७२ मा रु.२०० करोड विनियोजन गरिएका थियो भने आ.व.२०७२/७३ मा रु.१५६ करोड विनियोजन गरिएको छ ।

आयोजनाबाट प्राप्त जानकारी अनुसार वन क्षेत्रमा आयोजना निर्माण स्वीकृतिमा ढिलाई, जग्गा अधिग्रहण तथा मुआब्जा निर्धारणमा विवाद, EIA मा


अत्याधिक समय लाग्ने, नदीजन्य निर्माण सामग्रीको उपलब्धतामा कठिनाई र दक्ष जनशक्तिको अभाव जस्ता समस्याहरु रहेका छन् ।

## ४.१५. हुलाकी लोकमार्ग

यस हुलाकी लोकमार्ग आयोजनाले तराई क्षेत्रका जिल्लाहरुमा सडक निर्माण/स्तरोन्नती गरी यातायात प्रणाली सुदृढीकरण गर्ने र त्यसमार्फत शिक्षा, स्वास्थ्यमा जनताको पहूँच पुऱ्याई कृषि, व्यापार, उद्योग र पर्यटनको विकास गरी जनताको जीवनस्तर उकास्ने उद्देश्य राखेको छ। यस आयोजनाको कार्यक्षेत्र नेपालको पूर्वदेखि पश्चिम तराई क्षेत्रको दक्षिणी भाग रहेको छ जसले पूर्वमा झापा केचनादेखि पश्चिममा कंचनपुर दोधारा चाँदनीसम्मको भू-भाग ओगटेको छ। आयोजना क्षेत्रमा पर्ने भू-भागको आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय, शैक्षिक आदि समग्र क्षेत्रको सन्तुलित विकासका लागि यस आयोजनाले प्रभावकारी भूमिका खेल्ने देखिन्छ ।

यस आयोजनाको कूल लागत करिव २५ अर्व लाग्ने अनुमान छ जुन नेपाल सरकार तथा भारत सरकारबाट (अनुदान १२ अर्व) व्यहोरिने छ। आ.व.२०७१/७२ मा हुलाकी राजमार्गमा ३५ कि.मी. (लम्की-टिकापुर-खक्रौला खण्डमा २७ कि.मी. र सति-भजनी-धनगढी सडकमा ८ कि.मी.) कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ। यसै खण्ड अन्तर्गत ११ वटा पूलहरुको निर्माण कार्य सम्पन्न भएको छ। आ.व. २०६३/६४ मा शुरु भई आ.व. २०७४/७५ मा सम्पन्न हुने प्रारम्भिक अपेक्षा गरिएको यस आयोजनाको अन्त्यमा कूल १६६३ कि.मि. कालोपत्रे सडक र १२५ वटा पूलहरुको निर्माण हुने अनुमान छ ।

आयोजनाको आ.व. २०७१/७२ सम्मको भौतिक तथा वित्तीय प्रगति प्राप्त भएको छैन भने आ.व.२०७०/७१ सम्मको सडक निर्माण तर्फको भौतिक प्रगति १० प्रतिशत र वित्तीय प्रगति १०.६६ प्रतिशत छ। यसैगरी पूल निर्माणतर्फको भौतिक प्रगति ५३ प्रतिशत र वित्तीय प्रगति ४५ प्रतिशत रहेको देखिन्छ। आ.व. २०७२ को आषाढसम्ममा कूल रु.६४९.५ करोड खर्च भएको छ। यस आयोजनाका लागि आ.व.२०७१/७२ मा रु.२०८ करोड विनियोजन गरिएको थियो भने आ.व.२०७२/७३ मा रु.३१९ करोड विनियोजन गरिएको छ।




आयोजनाबाट प्राप्त जानकारी अनुसार बन क्षेत्रमा काम गर्न कठिनाई, रेखाङकनमा स्थानीयहरुसंगको विवाद, अत्यन्त न्यूनतम बोलकबोल रकम र भौगोलिक बिकटता जस्ता समस्याहरुले आयोजनाको प्रगतिमा असर गरेको छ ।

## ४.१६.उत्तर दक्षिण (कोशी) लोकमार्ग

यो आयोजनाले तेहथुम जिल्लाको वसन्तपुरदेखि मुलुकको उत्तरी सीमाना किमाथाङ्कासम्मको १६२ कि.मि. सडक निर्माण एवम् स्तरोन्नति गर्ने लक्ष्य लिएको छ । उक्त १६२ कि.मी. सडकमध्ये ५० कि.मी. मा यातायात चालू छ । यस वाहेक ७७ कि.मी. ग्राभेल सडक रहेको छ । आ.व.२०६५/६६ मा शुरु भई २०७० मा सम्पन्न हुने अपेक्षा गरिएकोमा पुनः म्याद थप गरी आ.व. २०७७/७८ मा सम्पन्न हुने अपेक्षा गरिएको छ । यस आयोजनाको कूल लागत रु.७५० करोड लाग्ने अनुमान गरिएको छ ।

आ.व. २०७१/७२ असारसम्म भएका मुख्य मुख्य उपलब्धीहरुमा १४.५ कि.मि. ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ । आयोजनाको आ.व. २०७१/७२ सम्ममा ९४.५ कि.मी. ट्र्याक खोलिएको छ । आयोजनाको आ.व. २०७१/७२ सम्मको भौतिक प्रगति प्राप्त भएको छैन । आ.व. २०७१ को आषाढ मसान्तसम्मको भौतिक प्रगति २५ प्रतिशत र सो अवधिमा रु.५१ करोड खर्च भएको छ । आ.व.२०७१/७२ मा तीनवटा उत्तर दक्षिण लोकमार्ग (कोशी करिडर, कालिगण्डकी करिडर र कर्णाली करिडर) मा रु.११८ करोड विनियोजन गरिएकोमा आ.व.२०७२/७३ मा रु.८७ करोड ८६ लाख विनियोजन गरिएको छ ।

यस आयोजनाले बन क्षेत्रमा काम गर्न कठिनाई, रेखाङकनमा स्थानीयहरुसंगको विवाद, अत्यन्त न्यूनतम रकम बोलकबोल गर्ने प्रचलन र भौगोलिक बिकटता जस्ता समस्याहरु झेल्नु परिरहेको जनाइएको छ ।

## ४.१७. उत्तर दक्षिण (कालीगण्डकी कोरिडोर) लोकमार्ग

यो आयोजनाले गैडाकोट-पिपलडाँडा-रानीघाट-अर्गली-रिडी-रुद्रावेनी-हर्मीचौर-पुर्तिघाट-बाग्लुङ वजार खण्डमा सडक स्तरोन्नती गर्ने लक्ष्य लिएको छ । यस आयोजनाले नवलपरासी, पाल्पा, तनहुँ, स्याङजा, गुल्मी, बाग्लुंग, पर्वत र म्याग्दी जिल्ला समेटेको छ । कुल लम्बाई ४३५ कि.मी. रहेको यो आयोजना आ.व.२०६५/६६ मा शुरु भई २०७० मा सम्पन्न हुने अपेक्षा गरिएकोमा पुन आ.व. २०७७/७८ मा सम्पन्न हुने गरी म्याद थपिएको छ । यस आयोजनामा कूल लागत रु.१० अर्व लाग्ने अनुमान गरिएको छ ।

आ.व. २०७१/७२ मा कालीगण्डकी करिडोर अन्तर्गत १४ कि.मी. ट्र्याक निर्माण सम्पन्न भएको छ । आयोजनाको आ.व. २०७१/७२ सम्ममा ४३५ कि.मी. ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ । आयोजनाको आ.व. २०७१/७२ सम्मको भौतिक प्रगति प्राप्त भएको छैन । सो अवधिमा रु.१७.७० करोड खर्च भएको छ । आ.व.२०७१/७२ मा तीनवटा उत्तर दक्षिण लोकमार्ग (कोशी करिडर, कालिगण्डकी करिडर र कर्णाली करिडर) मा रु.११८ करोड विनियोजन गरिएको थियो भने आ.व.२०७२/७३ मा रु.८७ करोड ८६ लाख विनियोजन गरिएको छ ।

यस आयोजनाले बन क्षेत्रमा काम गर्न कठिनाई, रेखाङकनमा स्थानीयहरुसंगको विवाद, अत्यन्त न्यूनतम रकम बोलकबोल गर्ने प्रचलन र भौगोलिक बिकटता जस्ता समस्याहरु झेल्नु परिरहेको जनाइएको छ ।

## ४.१८ उत्तर दक्षिण (कर्णाली) लोकमार्ग

यस आयोजना मार्फत खुलालु-सिमिकोट (हुम्ला) खण्डमा करिब १९६ कि.मि. र हिल्सा-सिमिकोट खण्ड (हुम्ला) ८८ कि.मि. सडक निर्माण गर्ने अनुमान गरिएको छ । यस आयोजना आ.ब.२०६५/६६ देखि शुरु भई २०७० मा सम्पन्न हुने अपेक्षा गरिएकोमा पुन आ.व. २०८०/८१ मा सम्पन्न हुने अपेक्षा गरिएको छ । यो आयोजनाको कूल लागत रु.११ अर्व रहेको छ ।

आ.व. २०७१/७२ मा कर्णाली करिडोर (खुलालु-लैफु-सिमिकोट खण्ड) कालिकोट, बाजुरा, हुम्ला-९.५ कि.मी. ट्र्याक निर्माण सम्पन्न भएको छ भने हिल्सा-सिमिकोट सडक-७.५ कि.मी. को समेत ट्र्याक निर्माण सम्पन्न भएको


छ। आयोजनाको आ.व. २०७१/७२ सम्ममा खुलालु-सिमिकोट खण्डको ५१.५ कि.मी. र सिमिकोट-हिल्सा खण्डको ५९ कि.मी. ट्र्याक खोलिएको छ। आयोजनाको आ.व. २०७१/७२ सम्मको भौतिक तथा वित्तीय प्रगति प्राप्त भएको छैन आ.व.२०७१/७२ मा तीनवटा उत्तर दक्षिण लोकमार्ग (कोशी करिडर, कालिगण्डकी करिडर र कर्णाली करिडर) मा रु.११८ करोड विनियोजन गरिएको थियो भने आ.व.२०७२/७३ मा रु.८७ करोड ८६ लाख विनियोजन गरिएको छ ।

यस आयोजनाले बन क्षेत्रमा काम गर्न कठिनाई, रेखाङ्कनमा स्थानीयहरुसंगको विवाद, अत्यन्त न्यूनतम रकम बोलकबोल गर्ने प्रचलन र भौगोलिक बिकटता जस्ता समस्याहरु झेल्नु परिरहेको जनाइएको छ ।

## ४.१९. काठमाण्डौ तराई-मधेस द्रुतमार्ग (Fast Track)

यस आयोजनाले राजधानी काठमाण्डौलाई तराइसँग जोड्ने द्रुत गतिको मार्ग निर्माण गर्ने र भारतीय नाका रक्सौलसम्मको स्थलगत यातायात प्रणालीमा सुधार ल्याउनुकासाथै यातायात खर्चमा भारी कटौती गरी अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने लक्ष्य लिएको छ । आ.व.२०६४/६५ मा शुरु भई २०७५ मा सम्पन्न हुने अनुमान रहेको यस आयोजनाको कूल लागत रु.१११ अर्व रहने अनुमान गरिएको छ। निकट भविष्यमा निर्माण हुने निजगढ अन्तर्राष्ट्रिय बिमानस्थललाई राजधानीसंग कम भन्दा कम समयमा पुग्न सक्नेगरी जोड्न आवश्यक उच्च स्टाण्डर्डका नयाँ द्रुतमार्गको निर्माण गर्ने लक्ष्य रहेको छ। साथै रक्सौल/वीरगंजबाट काठमाण्डौमा पैठारी हुने व्यापारिक सामानहरुको ढुवानी पथलैया-निजगढ-काठमाण्डौ खण्डमा बन्ने द्रुतमार्ग मार्फत गराउँदा समय तथा इन्धन बचत हुने र यसले गर्दा राष्ट्रिय अर्थतन्त्र सुदृढ बनाउन यस द्रुतमार्गले महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ ।

आ.व. २०७१/७२ असारसम्ममा कूल लम्वाई ७६+१८ कि.मि.मध्ये ७० कि.मी. को जग्गा अधिग्रहण कार्य सम्पन्न भएको र बाँकी ६ कि.मी. अधिग्रहणको प्रक्रियामा रहेको छ। आयोजनाको विस्तृत डिजाइन सम्पन्न हुनुका साथै परिमार्जित EIA स्वीकृत हुने चरणमा रहेको छ। आयोजनाको आ.व. २०७१/७२ को भौतिक तथा वित्तीय प्रगति प्राप्त भएको छैन्। आ.व.२०७१/७२ मा कूल रु.२५ करोड विनियोजन गरिएको थियो भने आ.व.२०७२/७३ मा रु.१ अर्व विनियोजन गरिएको छ ।




बुट प्रणाली अन्तर्गत लगानीकर्ता/प्रबर्द्धक मार्फत लगानी जुटाई निर्माण तथा सञ्चालन गर्न अपनाइएको खरिद प्रकृया नितान्त नौलो भएकोले कानूनी ढाँचामा मिलाई कार्य अगाडि बढाउने कार्य चुनौतीपूर्ण छ। साथै पर्याप्त जनशक्ति ब्यबस्था नभएको तथा बिज्ञहरुको सुझाव प्राप्त गर्न कठिनाई रहेको जस्ता प्रमुख समस्याहरु रहेको जनाइएको छ। आयोजना निर्माणमा देखिएका माथि उल्लेखित समस्या सहित अन्य समस्याहरुको समाधानका लागि स्थानीय सरोकारवाला तथा बिज्ञहरुसंग वार्ता भैरहेको जनाइएको छ।

## ४.२०. मेलम्ची खानेपानी आयोजना

मेलम्ची र मण्डन उपत्यका मुहान क्षेत्र रहेको यस आयोजनाले ५ चरणमा गरी काठमाण्डौ उपत्यकाका करिव ३० लाख जनसंख्यालाई सिन्धुपाल्चोकको मेलम्चीबाट २६.५ कि.मी. सुरुङ्ग मार्फत पहिलो चरणमा दैनिक १७ करोड लिटर खानेपानी आपूर्ति गराउने लक्ष्य लिएको छ। आ.व. २०५८/५९ मा शुरु भई आ.व.२०६४/६५ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा तेस्रो पटक संशोधन गरी २०७३/७४ मा सम्पन्न गर्ने लक्ष्य लिइएको छ। यस आयोजनाको सन् २००८ को कूल लागत रु.३१७३ करोड बाट सन् २०१४ मा रु.३५५४ करोड पुगेको छ। यसैगरी २०७० असारसम्ममा काठमाण्डौ उपत्यका एवम् मेलम्ची खानेपानी आयोजना क्षेत्रमा ६६ कि.मी. सडक निर्माण वा स्तरोन्नती, क्याम्प साइट निर्माण अन्तर्गत पहिलो चरण र दोश्रो चरण गरी २१ वटा भवन निर्माण र पानी प्रशोधन केन्द्र निर्माणको ठेक्का सम्झौता गर्ने कार्य सम्पन्न भइसकेको छ।

आ.व. २०७१/७२ मा ५३०५ मी. सुरुङ्ग निर्माण सहित आ.व. २०७१/७२ आषाढसम्म १३०२९ मी. सुरुङ्ग निर्माण भएको छ। त्यस्तैगरी आ.व.


२०७१/७२ मा ९१०० घ. मी. कंक्रिट ढलान सहित आ.व. २०७१/७२ आषाढसम्म कूल ११४०० घ.मी. कंक्रिट ढलान कार्य सम्पन्न भएको छ र पानी प्रशोधन केन्द्रमा ७१ प्रतिशत कार्य सम्पन्न भएको छ। आयोजनाको आ.व. २०७१/७२ सम्मको भौतिक प्रगति ६७ प्रतिशत रहेको देखिन्छ भने वित्तिय प्रगति ६३ प्रतिशत रहेको छ। आ.व.२०७१/७२ मा रु.४६१ करोड विनियोजन गरिएका थियो भने आ.व.२०७२/७३ मा कूल रु.४७५ करोड विनियोजन गरिएको छ।

निर्माण व्यबसायीहरुबाट सुरुङ्ग निर्माण तथा पानी प्रशोधन केन्द्रको निर्माण कार्यमा समग्र ब्यबस्थापन क्षमताको कमी देखिएको र पानी प्रशोधन केन्द्रका केही इकाईहरुमा प्रयोग भएको कंक्रिटको क्षमता २८ दिन Cub Test पश्चात् डिजाइन स्पेसिफिकेसन अनुसार नपाइएको जस्ता समस्याहरु आयोजनाबाट उल्लेख गरिएका छन्।

## ४.२१. राष्ट्रपति चुरे संरक्षण कार्यक्रम

यो आयोजनाबाट एकिकृत रुपमा चुरेको पारिस्थितिकीय प्रणालीको दिगो व्यवस्थापन गर्दै उपल्लो तटीय र तल्लो तटीय वातावरणीय अन्तरसम्बन्धबाट तराई/मधेश क्षेत्रको समेत संरक्षण हुने अनुमान रहेको छ। नेपाल सरकारको पूर्ण लगानीमा संचालन हुने यो आयोजना २०६७/६८ बाट शुरु भएको र यसको कूल लागत ११५ करोड रहने अपेक्षा गरिएको छ। आ.व. २०७०/७१ देखिनै चुरेसँग सम्वन्धित निर्देशिका तथा कार्यविधि पुनरावोलकन गर्ने, उपल्लो तटीय वासिन्दावीच समुह संजालीकरण गर्ने, नयाँ स्थायी नर्सरी निर्माण तथा व्यवस्थापन गर्ने, विभिन्न प्रजातिका विरुवा उत्पादन गर्ने, चुरेको डंढेलो नियन्त्रण तथा बन अतिक्रमण तथा चोरी निकासी नियन्त्रण गर्ने, चुरेमा आश्रित गरिव तथा विपन्न वर्गका लागि रोजगारमुखी वृक्षरोपण गर्ने जस्ता कार्यक्रमहरु यस आयोजनाबाट संचालन भएका छन्।

चुरे संरक्षण विधेयक तर्जुमा सम्बन्धमा अवधारणा पत्र तयारी कार्य अन्तिम चरणमा रहेको छ भने भूकम्प पश्चात् पुनःनिर्माण कार्यमा काठ दाउराको सहज आपूर्ति ब्यबस्थाको लागि चुरे क्षेत्रको दीर्घकालिन गुरुयोजना नआउँदासम्मका लागि यस क्षेत्रका सामुदायिक वनहरुबाट काठ दाउरा संकलन गर्ने ब्यबस्था गरिएको छ। आयोजनाको आ.व. २०७१/७२ सम्मको भौतिक तथा वित्तीय प्रगति प्राप्त भएको छैन। यस कार्यक्रमका लागि आ.व.२०७१/७२ मा रु.९० करोड विनियोजन गरिएको थियो भने आ.व.२०७२/७३ मा रु.१९७ करोड विनियोजन गरिएको छ।




आयोजनाबाट प्राप्त जानकारी अनुसार वन अनुसन्धान तथा सर्भेक्षण कार्यहरु गर्नको निमित्त बिद्यमान भ्रमण खर्च नियमावलीमा भएको प्रावधानले समस्या परेको तथा चुरे संरक्षणको लागि छुट्टै ऐन नभएकोले संरक्षण कार्य गर्न कठिनाई भएको पाइएको छ ।

## ५.निष्कर्ष

नेपाल सरकारले आयोजनाहरुको प्राथमिकीकरण र विशेष महत्वका आयोजनाहरुलाई राष्ट्रिय गौरवका आयोजनामा वर्गीकरण गरी कार्यान्वयन गर्ने प्रयासलाई सह्रहनीय रुपमा लिन सकिन्छ। यी आयोजनाहरुको असर तथा प्रभावको लेखाजोखा गर्नु निकै चाँडो हुने भए पनि यिनीहरुको समग्र कार्यान्वयन स्थितिलाई पनि सन्तोषजनक मान्न सकिने स्थिति छैन । यस वर्गीकरणमा परेका आयोजनाहरुलाई साधनको सुनिश्चितता हुने भनिए पनि कतिपय आयोजनाहरुबाट बजेटको अभाव रहेको भनी समस्यामा उल्लेख भइआएको छ। राष्ट्रिय गौरवका आयोजना घोषित भए पनि कार्यान्वयन क्षमताको अभाव, स्थानीयस्तरको विवाद, जग्गा प्राप्तिमा कठिनाई, निर्माण व्यवसायीको कमजोर व्यवस्थापन, अन्तर निकाय समन्वयको अभाव र कार्यान्वयन मोडालिटी स्पष्ट नहुँदा कार्यान्वयन सन्तोषजनक नभएको अवस्था छ। कतिपय आयोजनाको विस्तृत संभावना अध्ययन, विस्तृत परियोजना प्रतिबेदन, कार्यान्वयन ढाँचा सहितको समयबद्ध कार्ययोजना नै नभएको र कतिपय आयोजनाको समय र कूल लागत अनुमान हुन बाँकी नै रहेको स्थितिलाई पनि उचित भन्न सकिने स्तिति छैन। आयोजनाको व्यवस्थापनलाई थप व्यवस्थित वनाउनका लागि सम्बन्धित मन्त्रालय र आयोजना प्रमुखबीच करार गर्ने व्यवस्थाले जवाफदेहिता प्रबर्द्धनमा सहयोगको अपेक्षा भने गर्न सकिन्छ ।

# अनुसूची

## राष्ट्रिय गौरवका आयोजनाहरुको लक्ष्य र हालसम्मको प्रगतिको स्थिति (२०७१।७२)

| क्र.स. | आयोजना | आयोजनाको सुरु मिति सम्पन्न मिति | आयोजनाको लक्ष्य | आयोजनाको हालसम्मको भौतिक प्रगति( २०७२) | कैफियत |
|---|---|---|---|---|---|
| १. | सिक्टा सिंचाइ आयोजना | २०६१ -०७५ | बाँके जिल्लाका ४१ गा.वि.स. र नेपालगञ्ज उ.म.न.पा. र कोहलपुर न.पा. मा गरी ४२,७६६ हेक्टर कृषियोग्य भूमिमा सिंचाइका लागि पानी उपलब्ध गराउने । | ▪ हेडवर्क्स (सिभिल कार्य) निर्माण सम्पन्न भएको ।<br>▪ हेडवर्क्स (हाइड्रोमेकानिकल कार्य) निर्माणको ८३ प्रतिशत सम्पन्न भएको ।<br>▪ मूल नहर निर्माण सम्पन्न र अन्य नहर निर्माण ७० प्रतिशत सम्पन्न भएको ।<br>▪ आ.व.०७१/७२ को आषाढसम्मको समग्र भौतिक प्रगति ४१.९१ प्रतिशत र वित्तीय प्रगति ४२.३६ प्रतिशत रहेको । | |
| २. | बबई सिंचाइ आयोजना | २०४५-०७५ | बर्दिया जिल्लाको करिव ३६,००० हेक्टर जमिनमा | ▪ हेडवर्क्स इनटेक निर्माण सम्पन्न भैसकेको ।<br>▪ मूल नहर निर्माण १०० कि.मी.लक्ष्य रहेकोमा ४६.३३ कि.मी. सम्पन्न भएको ।<br>▪ शाखा, उपशाखा नहर निर्माण | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सिंचाइ सुविधा पुऱ्याउने । | १११५० कि.मी.लक्ष्य रहेकोमा १५६ कि.मी. सम्पन्न भएको ।<br>▪ सर्भिस सडक निर्माण १८ कि.मी.लक्ष्य रहेकोमा १३ कि.मी. सम्पन्न भएको ।<br>▪ आ.व. ०७१/७२ को आषाढसम्मको समग्र भौतिक प्रगति ३९.१८ प्रतिशत र वित्तीय प्रगति ५२ प्रतिशत रहेको । | |
| ३. | रानीजमरा कुलरीया सिंचाइ आयोजना | २०६५ -०७५ | कैलाली जिल्लाको ८ गा.वि.स. र १ नगरपालिकाको करिव २०,३०० हेक्टर जमिनमा व्यवस्थित सिंचाइ गर्ने । | ▪ चिसापानी इन्टेक तथा लिंक क्यानल निर्माण सम्पन्न भएको ।<br>▪ चिसापानीदेखि बलचौरसम्म मूल नहर तथा सेतलिंक बेसिन निर्माण ५१ प्रतिशत सम्पन्न भएको ।<br>▪ कटासेदेखि मोहनासम्म फिडर नहर, शाखा पुनःनिर्माण र ग्राभेल रोड सुदृढीकरण कार्य ६० प्रतिशत सम्पन्न भएको ।<br>▪ कर्णाली, पथरैया र मोहना नदीहरुमा २१ कि.मी.तटबन्द निर्माण सम्पन्न भैसकेको ।<br>▪ आ.व.२०७१/७२ सम्मको भौतिक प्रगति २२.८९ प्रतिशत र वित्तीय प्रगति ३८.७३ प्रतिशत रहेको । | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | भेरी बबई डाइभर्सन आयोजना | २०६९ -०७८ | ▪ वर्दीया र बाँके जिल्लाको ५१,००० हेक्टर भूमिमा सिंचाइको सेवा पुऱ्याउने ।<br>▪ ४८ मेगावाट क्षमताको जलविद्युत उत्पादन गर्ने ।<br>▪ सहरी विकास र जलाधार संरक्षणलाई एकसाथ योगदान दिने | ▪ सुरुङ निर्माण कार्यका लागि निर्माणकर्ता तथा परामर्शदाता छनौट भई निर्माण कार्य सुरु भएको ।<br>▪ हालसम्म भौतिक प्रगति ७ प्रतिशत र वित्तीय प्रगति ६.३ प्रतिशत भएको । | |
| ५. | माथिल्लो तामाकोशी जलविद्युत आयोजना | २०६७-०७३ | ४५६ मेगावाट क्षमताको जलविद्युत उत्पादन गर्ने । | ▪ हेडवर्क्स कंक्रिटको कार्य ७१.२ प्रतिशत सम्पन्न भएको। मुख्य सुरुङ्गको ६०.८ प्रतिशत निर्माण सम्पन्न भएको ।<br>▪ बिद्युत गृह ट्रान्सफर्मर क्याभर्न कंक्रिटको निर्माण ८१.८ प्रतिशत सम्पन्न भएको ।<br>▪ बिद्युत गृह ट्रान्सफर्मर क्याभर्न खन्ने कार्य टेलरेस सुरुङ्गको कार्य शत् प्रतिशत सम्पन्न भएको ।<br>▪ हालसम्म भौतिक प्रगति ७६ प्रतिशत र वित्तीय प्रगति ७३ प्रतिशत भएको । | |
| | | | | ▪ Core Drilling-१८३६ मी., | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | वुढीगण्डकी जलविद्युत | २०६९-०७८ | ६०० मेगावाट क्षमताको जलविद्युत उत्पादन गर्ने । | Plating Jacking Test र Test Galleries (८९६ मी.) सम्पन्न भएको ।<br>▪ Final Feasibility Study Report प्राप्त भएको , Transmission Line र Grid Impact and power Evacuation सम्बन्धी अध्ययन भैरहेको ।<br>▪ Detail Engineering Design सम्बन्धि कार्य भैरहेको ।<br>▪ हालसम्म भौतिक प्रगति करिव ०.५ प्रतिशत र वित्तीय प्रगति ०.३४ प्रतिशत मात्र रहेको । | |
| ७. | पश्चिम सेती जलविद्युत आयोजना | ` - | ७५० मेगावाट क्षमताको जलविद्युत उत्पादन गर्ने । | ▪ सन् २०13 जुलाई सम्ममा चिनियाँ कम्पनि थ्रि गर्जेजले सम्भाव्यता अध्ययन प्रतिबेदन बुझाउने सम्झौता भएपनि हालसम्म नबुझाएको । | PPP Model अनुसार चिनियाँ कम्पनीले गर्ने । |
| ८. | भैरहवा क्षेत्रिय/अन्तर्राष्ट्रिय विमानस्थल | २०७१-०७५ | गौतमबुद्ध विमानस्थललाई क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा स्तरोन्नती गरी दिगो पर्यटन | ▪ चीनको निर्माण कम्पनि North West Civil Aviation Airport Consruction Group संग निर्माणको सम्झौता भएको ।<br>▪ घाघरा खोला डाइभर्सन कार्य | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | विकास गर्ने । | अन्तिम चरणमा पुगेको र कूल ८८९ कित्ता मध्ये ८४४ कित्ताको मुआव्जा वितरण भएको । | |
| ९. | पोखरा क्षेत्रिय/अन्तर्राष्ट्रिय विमानस्थलमा | २०११- सम्झौता भएको चार वर्षमा | पोखरा विमानस्थललाई क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा स्तरोन्नती गरी दिगो पर्यटन विकास गर्ने । | ▪ चिनियाँ सरकारसंग सहुलियतपूर्ण ऋण प्राप्ती गर्ने तर्फ नेपाल नागरिक उड्डयन प्राधिकरणबाट कार्य भैरहेको ।<br>▪ ६२९ रोपनी जग्गा अधिग्रहणको कार्य भैरहेको । | |
| १०. | दोस्रो अन्तरराष्ट्रिय विमानस्थल, बारा | २०७१- | मुलुकमा बैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थल विकास गरी दिगो पर्यटन बिकास गर्ने । | ▪ आयोजनाको चारकिल्ला तोक्ने कार्य भएको । | |
| ११. | पशुपति क्षेत्र विकास कोष | २०५७ | पशुपतिक्षेत्रलाई धार्मिक, सांस्कृतिक एवं पर्या-पर्याटनको नमूना क्षेत्रको रुपमा विकास गर्ने । | ▪ चार शिवालयकदेखि बागमतीसम्म ढल निर्माण तथा वातावरण संरक्षण गर्ने कार्य भैरहेको ।<br>▪ तीलगंगा-ताम्रगंगा सडकमा रिटेनिङ वाल र पैदलमार्गमा प्रस्तरफलक छाप्ने कार्य भैरहेको । | |
| १२. | लुम्विनी क्षेत्र विकास कोष | सन् २०१०-२०१७ | भगवान गौतम बुद्धको पवित्र जन्मभूमि लुम्बिनीको गुरुयोजना पूरा गर्ने । | ▪ प्रशासनिक भवन र गार्ड पोष्ट वाकथ्रुको निर्माण कार्य भैरहेको ।<br>▪ गुरुयोजना अनुरुप बिभिन्न निर्माणका कार्य भैरहेको । | |
| | | | मध्य पहाड अन्तर्गतका | ▪ ट्र्याक खोल्ने कार्य सम्पन्न भई | |

| | | | | | |
|---|---|---|---|---|---|
| १३. | पुष्पलाल (मध्य पहाडी) लोकमार्ग | २०६४- ७५ | जिल्लाहरु भई पूर्व पश्चिम यातायात संचालन गर्दै पर्यटन, जलबिद्युत, कृर्षि तथा अन्य क्षेत्रको बिकासमा टेवा पुऱ्याउने । | सडक चौडा पार्ने कार्य भैरहेको ।<br>▪ यस लोकमार्गको पश्चिम खण्ड अन्तर्गत २२५ कि.मी. धुले सडक तयार भएको, ६० कि.मी. सडक कालोपत्रे गरिएको, ३२ कि.मी ग्राभेल गरिएको र १३ वटा पुलहरु निर्माण भएको ।<br>▪ आ.व. २०७०/७१ सम्मको पूर्वी खण्डको भौतिक प्रगति २७ प्रतिशत तथा वित्तीय प्रगति २३.२४ प्रतिशत रहेको छ भने पश्चिम खण्डको भौतिक प्रगति २४.४ प्रतिशत र वित्तीय प्रगति २२.१४ प्रतिशत रहेको । २०७१ आषाढ मसान्तसम्मको खर्च रु. १०६४ करोड रहेको । | |
| १४. | पूर्व पश्चिम रेलमार्ग | २०६६-७६ | १३१८ कि.मि. रेलमार्ग पूर्व-पश्चिम रेलमार्ग र ७५ कि.मि. मेट्रो काठमाण्डौ उपत्यकामा निर्माण एवं संचालन गरी देशको आर्थिक | ▪ कटहरी बिराटनगर रेलमार्ग खण्डको निर्माण कार्य जारी ।<br>▪ जयनगर-जनकपुर-बर्दिबास खण्डमा आवश्यक जग्गा अधिग्रहणको कार्य भैरहेको ।<br>▪ फूलभ्फोर खोला पूर्वदेखि बर्दिबाससम्मको Structural Works निर्माणका लागि Mix | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सामाजिक विकास गर्ने । | Design को कार्य भैरहेको ।<br>▪ सिमरा-बर्दिबास खण्डमा निर्माण कार्य भैरहेको ।<br>▪ भारतीय पक्षबाट निर्माण कार्यको लागि निर्माण व्यबसायी नियुक्त भएको । | |
| १५. | हुलाकी लोकमार्ग | २०६३-७५ | १६६३ कि.मि. सडक निर्माण तथा १२५ वटा पुल निर्माण गर्ने । | ▪ ३५ कि.मी. सडक कालोपत्रे गर्ने कार्य सम्पन्न भएको<br>▪ ११ वटा पुलहरुको निर्माण कार्य सम्पन्न भएको ।<br>▪ आ.व. २०७०/७१ सम्ममा सडक निर्माण तर्फ भौतिक प्रगति १० प्रतिशत र वित्तीय प्रगति १०.६६ प्रतिशत, पुल निर्माण तर्फको भौतिक प्रगति ५३ प्रतिशत र वित्तीय प्रगति ४५ प्रतिशत रहेको ।<br>▪ आ.व. २०७२ को आषाढसम्ममा रु.६४९ करोड खर्च भएको । | |
| १६. | उत्तर दक्षिण (कोशी) लोकमार्ग | २०६६-०७८ | १६२ कि.मि. सडक निर्माण गर्ने । | ▪ आ.व. २०७१/७२ सम्ममा ९४.५ कि.मी. ट्र्याक खोल्ने कार्य सम्पन्न भएको ।<br>▪ आ.व. २०७१ को आषाढ मसान्तसम्मको भौतिक प्रगति २५ प्रतिशत र सो अवधिमा रु.५१ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | करोड खर्च भएको । | |
| १७. | उत्तर दक्षिण (कालीगण्डकी करिडोर) लोकमार्ग | २०६६-०७८ | ४३५ कि.मि. सडक निर्माण गर्ने । | ▪ आ.व. २०७१/७२ सम्ममा ४३५ कि.मि. ट्रयाक खोल्ने कार्य सम्पन्न भएको । | |
| १८. | उत्तर-दक्षिण (कर्णाली) लोकमार्ग | २०६६-८१ | २८४ कि.मि. सडक निर्माण गर्ने। | ▪ आ.व. २०७१/७२ सम्ममा खुलालु-सिमिकोट खण्डमा ५१.५ कि.मी. ट्रयाक खोल्ने कार्य सम्पन्न भएको ।<br>▪ आ.व. २०७१/७२ सम्ममा सिमिकोट-हिल्सा खण्डमा ५९ कि.मी. ट्रयाक खोल्ने कार्य सम्पन्न भएको । | |
| १९. | काठमाण्डौ तराइ-मधेस द्रुतमार्ग (Fast Track) | २०६४-७५ | काठमाण्डा देखि निजगढसम्म ७६+१८ कि.मी फाष्ट ट्रयाक निर्माण गरी राजधानी र निर्माणाधिन दोस्रो अन्तर्राष्ट्रिय विमानस्थललाई जोड्ने । | ▪ नेपाली सेनाबाट ट्रयाक खोल्ने कार्य सम्पन्न भएको ।<br>▪ ७० कि.मी. जग्गा अधिग्रहणको कार्य सम्पन्न भएको ।<br>▪ EIA स्वीकृतिको चरणमा रहेको । | |
| २०. | मेलम्ची खानेपानी आयोजना | २०५९-०७४ | काठमाण्डौ, भक्तपुर र ललितपुर जिल्लाका ३० लाख जनसंख्यामा शुद्ध पानी | ▪ १३०२९ मी. सुरुङ्ग निर्माण कार्य सम्पन्न भएको ।<br>▪ ११४०० घ.मी. कंक्रिट ढलान कार्य सम्पन्न भएको ।<br>▪ पानी प्रशोधन केन्द्रको ७१ प्रतिशत कार्य सम्पन्न भएको । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | पुऱ्याउने । | ▪ आ.व.२०७१/७२ सम्म भौतिक प्रगति ६७ प्रतिशत तथा वित्तिय प्रगति ६३ प्रतिशत भएको । | |
| २१. | राष्ट्रपति चुरे संरक्षण आयोजना | २०६७/०६८ | चुरे भावर तथा तराई क्षेत्रको भौगोलिक, आर्थिक, सामाजिक, प्राकृतिक र परिस्थितिकीय प्रणालीको संवेदनशीलता र अन्तरसम्बन्धलाई मनन गर्दै चुरे-भावर-तराई क्षेत्रको प्राकृतिक संपदा र परिस्थितिकीय प्रणालीको संरक्षण र सदुपयोग गरी भू उत्पादकत्व अभिवृद्धि गर्दै गरिवी न्यूनिकरणका राष्ट्रिय लक्ष्यमा टेवा पुऱ्याउनुका साथै दिगो विकास र वातावरणवीच सन्तुलन कायम गर्ने । | ▪ २७ वटा वन तथा भू-संरक्षण व्यवस्थापन कार्ययोजना तयार भएको ।<br>▪ चुरे रणनीति मस्यौदा तथा कार्यक्रम कार्यान्वयन निर्देशिका तयार भएको ।<br>▪ कार्यक्रम कार्यान्वयन निर्देशन समिति गठन भएको ।<br>▪ नदी उकास, वृक्षरोपण तटबन्धन जस्ता भौतिक कार्यक्रम तथा संरचना तयार भएको । | |

# राष्ट्रिय गौरवका आयोजनाहरुको समग्र प्रगति समिक्षा (२०७२)

| क्र.स. | ब.उ.सि.न. | आयोजनाहरुको नाम | आयोजनाको अनुमानित लागत/श्रोत(रु करोडमा) | | | | कुल खर्च वजेट आ.व.२०७१/७२ सम्मको (प्रतिशत) | आयोजना स्थल |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल सरकार | वैदेशिक | अन्य | कुल जम्मा (रु. करोडमा) | | |
| १. | ३५७१२५ | सिक्टा सिंचाइ आयोजना | २२६१ | २४१ | - | २५०२ | ४२.३६ | बाँकेको निर्वाचन क्षेत्र नं. १, २, ३ र ४ उप.म.न.पा.-नेपालगञ्ज,गा.वि.स.-४३ |
| २. | ३५७१२१ | बबइ सिंचाइ आयोजना | ७६७ | - | - | ७६७ | ५२ | बर्दीया- निर्वाचन क्षेत्र नं. ५, गुलरिया न.पा. सहित पूर्वका ११ गा.वि.स. र पश्चिमका ६ गा.वि.स |
| ३. | ३५७१३२ | रानीजमरा सिंचाइ आयोजना | ८२३ | ४३० | १० (उपभोक्ता) | १२६३ | ३८.७३ | कैलालीः निर्वाचन क्षेत्र नम्बर १ र २ टिकापूर नगरपालिका सहित ८ गा.वि.स. |
| ४. | ३५७१३५ | भेरी बबइ डाइभर्सन आयोजना | १६४३ | - | - | १६४३ | ६.३ | बर्दीया, सुर्खेत, बाँके |
| ५. | ५०११२१ | माथिल्लो तामाकोशी जलविद्युत आयोजना | ४७० | - | ३०५९ | ३५२९ | ७३ | दोलखा क्षेत्र नं.२ न.पा./ गा.वि.स. लामाबगर |
| ६. | ३०८११३ | वुढीगण्डकी जल विद्युत आयोजना | २५००० | - | - | २५००० | ०.३४ | धादिङ्ग, गोरखा |
| ७. | | पश्चिम सेती जलविद्युत आयोजना | - | - | - | - | प्राप्त नभएको | डोटी, डडेलधुरा, बैतडी, र बझाङ (BOOT प्रणाली) |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८. | ३२५१०८ | भैरहवा क्षेत्रीय/अन्तर्राष्ट्रिय विमानस्थल | २२५ | ६३१ | | ८५६ | नखुलेको | रुपन्देही |
| ९. | ५०११६१ | पोखरा क्षेत्रीय/अन्तर्राष्ट्रिय विमानस्थल | २१६० | - | — | २१६० | नखुलेको | कास्की |
| १०. | ५०११६१ | दोस्रो अन्तरराष्ट्रिय विमानस्थल, वारा | - | - | - | - | प्राप्त नभएका | वारा ( BOOT प्रणाली) |
| ११. | ३२११५ | पशुपति क्षेत्र विकास कोष | १६६ | - | ३७ | २०३ | नखुलेको | काठमाण्डौ |
| १२. | ३२११६ | लुम्विनी क्षेत्र विकास कोष | ३०० | ४०० | - | ७०० | नखुलेको | लुम्विनी |
| १३. | ३३७१३८ | पुष्पलाल (मध्य पहाडी) लोकमार्ग | - | - | - | ३३३७ | पूर्वी खण्ड-२३.२४ पश्चिम खण्ड-२२.१४ ( आ.व.२०७०/७१ सम्मको) | इलामको चियो भञ्ज्याङ्ग देखि बैतडीको झुलाघाटसम्म |
| १४. | ३३७३०७ | पूर्व पश्चिम रेलमार्ग | - | - | - | ६९५२ | ५.४८ (आ.व.२०७०/७१ सम्मको) | पूर्व मेची देखि महाकालीसम्म |
| १५. | ३३७२२४/ ३-४ | हुलाकी लोकमार्ग | १२५० | १२५० | - | २५०० | सडक निर्माणतर्फ १०.६६ र पुल निर्माणतर्फ ४५ ( आ.व.२०७०/७१ सम्मको) | तराइका जिल्लाहरु |
| १६. | ३३७१४५ | उत्तर दक्षिण (कोशी) लोकमार्ग | - | - | - | ७५० | - | तेह्रथुमको वसन्तपुरदेखि सङ्खुवासभाको किमाथाङ्कासम्म |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १७. | ३३७१४५ | उत्तर दक्षिण (कालीगण्डकी करिडोर) लोकमार्ग | - | - | - | १००० | - | गैडाकोट-पिपलडाँडा-रानीघाट-अर्गली-रिडी-रुद्रावेनी-हर्मीचौर-पुर्तिघाट -बाग्लुङ-म्याग्दीसम्म |
| १८. | ३३७१४५ | उत्तर दक्षिण (कर्णाली) लोकमार्ग | - | - | - | ११०० | - | कालुकोटको खुलालु-सिमिकोट-हिल्सा (हुम्ला) |
| १९. | ३३७१४१ | काठमाण्डौ तराई मधेस द्रुतमार्ग (Fast Track) | - | - | - | ११९०० | नखुलेको | ललितपुर, मकवानपुर र वारा |
| २०. | ३४७१७६ | मेलम्ची खानेपानी आयोजना | ३५५४ | - | - | ३५५४ | ६३ | मेलम्ची र मण्डन उपत्यका |
| २१. | ३२९१२४ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | ११५ | - | - | ११५ | नखुलेको | चुरे क्षेत्र |